का.जि.प्र.का.द.नं. १००/०५९/६०

१ भदौ २०७९,
बुधबार
17 August 2022,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक १९३ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# आमचुनावमा भाग लिन ८४ दलको आवेदन

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ मा औपचारिक रुपमा पार्टी एकता नगरे पनि अर्को दलको निर्वाचन चिन्हमा प्रतिनिधि सभा निर्वाचनमा भाग लिन पाउने सुविधा छ । यही सुविधाको उपयोग नेताद्धय बाबुराम र बामदेवले पनि गर्ने भएका हुन् ।

**शिवराज परियार /मध्यान्ह**
काठमाडौं, ३१ साउन ।

आसन्न ४ मंसिरमा हुने प्रदेश र संघीय निर्वाचनमा भाग लिन ८४ वटा राजनीतिक दलले निवेदन दिएका छन् । नेपालको संविधानको धारा २७१ मा निर्वाचनका लागि दल दर्ता गर्नुपर्ने प्रावधान रहेको छ । सोही प्रावधान अनुसार ८४ वटा राजनीतिक दलले निवेदन दिएको निर्वाचन आयोगका सूचना अधिकारी सुर्यप्रसाद अर्यालले जानकारी दिए । उनका अनुसार आयोगमा साउन १९ गतेसम्म १ सय १६ दल दर्ता भएका थिए । तीमध्ये आउँदो चुनावमा भाग लिन ८४ वटा दलले आवेदन दिएका हुन् ।

निर्वाचन आयोगले स्थानीय तह निर्वाचनमा सहभागी हुने दल दर्ताका लागि साउन २२ गतेदेखि साउन ३१ गते कार्यालयसमयसम्मको समयसीमा निर्धारण गरेको थियो । तोकिएको समयमा ८४ वटा राजनीतिक दलले आवेदन दिएका हुन् ।

आवेदन दिएकामध्ये ८२ वटा दल दर्ता भइसकेका छन् भने २ वटा दलको आवेदन दर्ताको प्रक्रियामा रहेको छ । ८४ दल भित्रै दुई वा दुई भन्दा बढी दलले एउटै चुनाव चिन्हमा चुनाव लड्न आवेदन दिनेहरु पनि छन् । दुई वटा दुई भन्दा बढी दल मिलेर एउटै चुनाव चिन्हमा चुनाव लड्न चाहने समूह चार वटा रहेको छ ।

नेपाल समाजवादी पार्टी दर्ता गरेका पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराई र पूर्व उपप्रधानमन्त्री एवं नेकपा राष्ट्रिय एकता अभियानका नेता तथा राष्ट्रिय सभा सदस्य बामदेव गौतमले पनि माओवादी केन्द्रको चिह्न रोजेका छन् । दुबैले माओवादी केन्द्रको चुनाव चिन्ह लिएर निर्वाचनमा प्रतिस्पर्धा गर्ने गरी निर्वाचन आयोगमा संयुक्त निवेदन दिएका छन् ।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ४९ मा औपचारिक रुपमा पार्टी एकता नगरे पनि अर्को दलको निर्वाचन चिह्नमा प्रतिनिधि सभा निर्वाचनमा भाग लिन पाउने सुविधा छ ।

यही सुविधाको उपयोग नेताद्धय बाबुराम र बामदेवले पनि गर्ने भएका हुन् । डा. बाबुराम भट्टराई र बामदेव गौतम माओवादी केन्द्रको निर्वाचन चिह्नबाट निर्वाचित भएमा उनीहरु पनि माओवादी केन्द्रको सदस्यको हैसियतमा सांसद हुनेछन् । नेपाल समाजवादी पार्टी र नेकपा राष्ट्रिय एकता अभियानबाट समानुपातिकमा निर्वाचित हुने सांसदहरु समेत माओवादी केन्द्रका सांसद मानिनेछन् । माओवादी केन्द्रको चुनाव चिह्न रोजेपछि पत्रकारहरुसँग

– बाँकी पृष्ठ २ मा

## बाबुराम र बामदेवलाई माओवादीको छहारी



गोलाकार भित्रको हसिया हथौडा भएको चुनाव चिन्हबाट म चुनाव लड्छु भनेर मैले इच्छा जाहेर गरेको हो । यसो गरेपछि गठबन्धनले नलिइकन पनि म गठबन्धनमा सामेल हुन्छु, र मेरो जित सुनिश्चित हुन्छ ।

**बामदेव गौतम**
**संयोजक, नेकपा एकता राष्ट्रिय अभियान**



अग्रगामी परिवर्तनका बाँकी काम पूरा गर्न एक्लाएक्लै भन्दा मिलेर अगाडि बढ्ने सहमति अनुसार माओवादी केन्द्रसँग एउटै चुनाव चिन्हमा चुनाव लड्न लागेको हुँ ।

**डा.बाबुराम भट्टराई**
**अध्यक्ष, नेपाल समाजवादी पार्टी**

# एक होलान् माओवादी केन्द्र र एकीकृत समाजवादी ?

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ३१ साउन ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नेकपा एकीकृत समाजवादीसँग पार्टी एकताको तयारी भएको बताएपनि त्यसको सम्भावना भने तत्कालका लागि न्यून देखिएको छ । अध्यक्ष दाहालले बाबुराम भट्टराईसँग समेत पार्टी एकताको तयारी भएको बताएपनि तत्कालको लागि सम्भावना भने न्यून बनेको हो ।

'हामी अरु पनि वामपन्थीहरुसँग जस्तो माधवजीहरुसँग पार्टी एकता संयोजन समिति बनाउने तयारीमा छौं' अध्यक्ष

– बाँकी पृष्ठ २ मा

मोरङ २

# एमालेलाई गठबन्धन भारी कांग्रेसलाई साखको चिन्ता

**प्रवेश बिष्ट/मध्यान्ह**
विराटनगर, ३१ साउन ।

सरकारले प्रदेश र प्रतिनिधिसभा निर्वाचनको मिति घोषणा गरेसँगै नेताहरुले आफ्नो निर्वाचन क्षेत्रमा दौडधुप बढाएका छन् । चुनावको मिति घोषणा भएसँगै कांग्रेस नेतृ सुजाता कोइराला पनि गाउँघरमा देखिन थालेकी छन् । उनले यसपाली मोरङ २ बाट चुनाव लड्ने घोषणा गरेसँगै आफ्नो निर्वाचन क्षेत्रमा कार्यकर्ता भेटघाटलगायतका कार्यक्रमलाई तीव्रता दिएकी छन् । मोरङ २ तत्कालीन प्रधानमन्त्रीसमेत रहेका नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालाले लगातार तीनपटक चुनाव जितेको क्षेत्र हो। उनले यही क्षेत्रबाट वि.स. २०४८, २०५२ र २०५६ सालमा लगातार चुनाव जितेका थिए ।







गिरिजाका लागि यो 'सुरक्षित' क्षेत्र थियो। पछि उनले सुनसरीको तत्कालीन क्षेत्र नम्बर ५ बाट पनि चुनाव जित्न थालेपछि मोरङमा ०५२ र ०५६ मा भएको उप-निर्वाचनमा कांग्रेसका पुराना नेता आमोदप्रसाद उपाध्यायले चुनाव लडे र जिते। उपाध्यायले गिरिजाको बिँडो थाम्दै गए । कांग्रेस र कोइरालाको विरासत मानिएको मोरङ क्षेत्र नम्बर २ मा दोस्रो संविधान सभाको चुनावमा एमालेका उम्मेदवार ऋषिकेश पोखरेलले कांग्रेसका उपाध्यायलाई पराजित गरेसँगै कांग्रेसको गढ भत्काए ।

गिरिजाको विरासत क्षेत्र मानिएको

– बाँकी पृष्ठ २ मा

# निलम्बित प्रधानन्यायाधीशमाथि आजदेखि अध्ययन

एमाले एक्लैको ९८ जना सांसद छन् । २७५ सदस्यीय प्रतिनिधिसभाबाट दुई तिहाई बहुमतले महाअभियोग पारित गराउन एमालेको साथ अनिवार्य छ । एमालेको साथ बिना महाअभियोग पारित हुन सक्दैन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३० साउन ।

३० साउन, काठमाडौं । महाअभियोग सिफारिस समितिको बैठक आह्वान भएको छ । महाअभियोग सिफारिस समिति सचिवालयका अनुसार पहिलो बैठक आज बिहान साढे ११ बजे सिंहदरवारमा बस्नेछ। पहिलो बैठकानसमितिको आन्तरिक कार्यविधि निर्माण र पारित गर्ने तयारी छ। साथसाथै समितिको संयोजक चयन गर्ने विषयमा पनि छलफल हुनेछ। बुधबारबाटै निलम्बित प्रधान न्यायाधीश चोलेन्द्रशम्शेर जबराविरुद्धको महाभियोगमाथि अध्ययन सुरु हुनेछ ।

उनी विरुद्ध १ फागुन २०७८ मा संघीय संसद सचिवालयका विभिन्न २१ वटा आरोप लगाएर महाभियोग दर्ता भएको थियो । जबराविरुद्ध महाअभियोग दर्ता भएपछि २२ फागुनमा महाअभियोग सिफारिस समिति बनेको थियो । २९ फागुनमा प्रतिनिधि सभामा पेस भएको उक्त प्रस्तावमाथि सैद्धान्तिक छलफल गरेर २२ साउनमा महाअभियोग सिफारिस समितिमा पठाएको थियो ।

विजनेश पाएको १० औं दिनमा महाअभियोग सिफारिस समितिको बैठक बस्न लागेको हो। महाअभियोग सिफारिस समितिमा निलम्बित प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराविरुद्धको महाभियोगमाथि अध्ययन गर्ने विजनेश छ । विजनेश पाएको १० औं दिनमा महाअभियोग

– बाँकी पृष्ठ २ मा

# कोरोनापछि वैदेशिक रोजगारको योगदान रेमिट्यान्स करिब डेढ दशकयताकै उच्च

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ साउन

असारसम्म १० खर्ब ७ अर्ब ३१ करोड रुपैयाँ रेमिट्यान्स नेपाल भित्रिएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको गत आर्थिक वर्ष २०७८/०७९ को अन्त्यसम्मको आर्थिक तथा वित्तीय स्थिति अनुसार असार मसान्तसम्म १० खर्ब ७ अर्ब ३१ करोड रुपैयाँ रेमिट्यान्स नेपाल भित्रिएको हो ।

जुन अघिल्लो आर्थिक वर्षको तुलनामा ४.८ प्रतिशतले बढी र विगत १४ वर्षयताकै सबैभन्दा बढी हो । अघिल्लो आर्थिक वर्ष ९ सय ८६ अर्ब र त्यसभन्दा अघिल्लो आर्थिक वर्षमा ९ सय ६१ दशमलव १ अर्ब रेमिट्यान्स भित्रिएको थियो ।

कोरोना भाइरसविरुद्धको खोप उपलब्ध भएपछि वैदेशिक रोजगारीमा जानेको संख्या ह्वातै बढेको र रेमिट्यान्समा पनि उल्लेख्य वृद्धि भएको हो । यसमा मलेसियामा भएको कामदारको न्यूनतम तलब वृद्धिले पनि भूमिका खेलेको आंकलन गरिएको छ । राष्ट्रिय योजना आयोगका सदस्य राम कुमार फुँयालका अनुसार नेपाल आउने रेमिट्यान्समध्ये करिब २५ प्रतिशत हुण्डी तथा अन्य सामग्रीलगायतका अनौपचारिक माध्यमबाट भित्रिने गरेको छ ।

बैंकका अनुसार गत असार महिनासम्ममा वैदेशिक रोजगारीका लागि संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण अन्तिम श्रम स्वीकृति लिने नेपालीको संख्या ३ लाख ५४ हजार ६ सय ६० पुगेको छ । जुन अघिल्लो वर्षको सोही अवधिमा ६२.८ प्रतिशतले घटेको थियो ।

वैदेशिक रोजगारीका लागि पुन: श्रम स्वीकृति लिने नेपालीको संख्या पनि १९८.५ प्रतिशतले बढेको भन्दै बैंकले अघिल्लो वर्षको सोही अवधिमा पुन: श्रम स्वीकृति लिने नेपालीको संख्या संख्या ४६.८ प्रतिशतले घटेको बताएको छ ।

**वैदेशिक रोजगार विशेष**

## विभागको महानिर्देशकमा आचार्य



काठमाडौं/मस- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सहसचिव उमाकान्त आचार्यलाई वैदेशिक रोजगार विभागको महानिर्देशकको जिम्मेवारीमा खटाएको छ। विभागका महानिर्देशक शेषनारायण पौडेल अध्ययन बिदा स्वीकृत गराई अध्ययनका लागि जापान जाने भएपछि केही दिनयता निमित्त महानिर्देशक कृष्णप्रसाद भुसालले विभागको नेतृत्व गरेका थिए ।

नवनियुक्त महानिर्देशक आचार्यले मंगलबार नै पदभार सम्हालेका छन् । आचार्य मन्त्रालय अन्तर्गतको श्रम तथा व्यवसायजन्य सुरक्षा विभागको महानिर्देशकको जिम्मेवारीमा रहेका थिए ।



# टानको अध्यक्षमा बाँस्तोला विजयी



काठमाडौं/मस–पर्वतीय पर्यटन व्यवसायीको छाता सङ्गठन ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान) को अध्यक्ष पदमा निलहरि बाँस्तोला विजयी भएका छन् ।

सोमबार सम्पन्न टानको ४४औं वार्षिक साधारणसभा एवं निर्वाचनबाट उहाँ ६१६ मतप्राप्त गरी विजयी भएका हुन् । उनका प्रतिस्पर्धी रामप्रसाद सापकोटाले २६४ मत प्राप्त गरे । निर्वाचनमा अध्यक्षका प्रतिस्पर्धी बाँस्तोलाको प्यानल नै विजयी भएको छ ।

निर्वाचन समितिका अनुसार टानको वरिष्ठ उपाध्यक्षमा कृष्णप्रसाद दाहाल, प्रथम उपाध्यक्षमा प्रदीप पण्डित, द्वितीय उपाध्यक्ष धनबहादुर गुरुङ, महासचिवमा विनोद सापकोटा (बाबु), सचिवमा होमनाथ भट्टराई र कोषाध्यक्षमा पुरुषोत्तम तिमिल्सिना, सहकोषाध्यक्षमा छिङ दोर्शी शेर्पा विजयी भएका छन् ।

महिला सदस्यमा सजना त्रिपाठी ,खुल्ला सदस्यमा सदस्यहरुमा रामप्रसाद बञ्जारा, राजु अर्याल, गणेश बहादुर अधिकारी, कुमार लामा, नविनाथ देवकोटा, सुवास भण्डारी, लाक्पा दोर्जे शेर्पा र कृष्णबहादुर परियार निर्वाचित भएका टान निर्वाचन समितिले जनाएको छ ।

टानका नवनिर्वाचित अध्यक्ष बास्तोलाले टानलाई व्यवसायीको साझा संस्थाको रुपमा स्थापित गर्न सरोकारवालासँग सहकार्य गरेर अघि बढ्ने प्रतिबद्धता जनाए ।

# १० जना केन्द्रीय सदस्यमा मनोनीत



काठमाडौं/मस- नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले १० जनालाई कांग्रेस केन्द्रीय कार्यसमितिको सदस्यमा मनोनयन गरेका छन् ।

देउवाले मंगलबार मनोनयन गरेकामा किरण यादव (महोत्तरी), राधा घले (काठमाडौं), धना खतिवडा (ललितपुर), उर्मिला थपलिया (धादिङ), रुक्मीणी कोइराला (मोरङ), कल्याणी रिजाल (काठमाडौं), गोमा भट्टराई (झापा), गंगा शाही (रुपन्देही), लक्ष्मी खतिवडा (सुनसरी) र सीटा देवकोटा (नवलपुर) रहेका छन् ।

नेपाली कांग्रेसको विधान, २०१७ को धारा २१ को उपधारा १० बमोजिम उनीहरुलाई केन्द्रीय कार्यसमितिको सदस्यमा मनोनयन गरिएको कांग्रेसले जनाएको छ ।

## आमचुनावमा...

कुरा गर्दै डा. बाबुराम भट्टराईले अग्रगामी परिवर्तनका बाँकी काम पूरा गर्न एक्लाएक्लै भन्दा मिलेर अगाडि बढ्ने सहमति अनुसार माओवादी केन्द्रसँग एउटै चुनाव चिह्नमा प्रतिस्पर्धा गर्न लागेको बताए । 'अग्रगामी परिवर्तनका बाँकी काम पूरा गर्न एक्लाएक्लै भन्दा मिलेर अगाडि बढ्ने सहमति अनुसार माओवादी केन्द्रसँग एउटै चुनाव चिन्हमा चुनाव लड्न लागेको हुँ' उनले भने । आफुहरुको लक्ष्य नेपालमा बाँकी रहेका अग्रगामी परिवर्तनको एजेण्डालाई पूरा गर्न सबैले एक्लाएक्लै भन्दा मिलेर नयाँ ढंले नयाँ आधारमा एकतावद्ध भएर जानु मुलुकको ऐतिहासिक आवश्यकता रहेको र आफु त्यो दिशातिर लागेको उनको जिकिर छ ।

डा. बाबुराम भट्टराईले २०७२ सालमा संविधान जारी भए लगत्तै माओवादी छाडेका थिए । नयाँ शक्ति बनाएर अगाडि बढेका उनी राजनीतिमा आफ्नो प्रयोग असफल भएपनि पुनः माओवादीको चुनाव चिन्हबाट चुनाव लड्ने स्थितिमा आइपुगेको कतिपयको टिप्पणी रहेको छ । डा. बाबुराम भट्टराई १० वर्षे माओवादी सशस्त्र युद्धमा होमिएर उदाएका नेता हुन् ।

यता नेता बामदेव गौतमले जित सुनिश्चित गर्नका लागि यस्तो कदम चालिएको बताएका छन् । उनी भन्छन्, 'गोलाकार भित्रको हसिया हथौडा भएको चुनाव चिह्नबाट म चुनाव लड्छु भनेर मैले इच्छा जाहेर गरेको हो । त्यसो गर्न म किन बाध्य भएँ भने त्यसो गरेपछि गठबन्धनले नलिइकन पनि म गठबन्धनमा सामेल हुन्छु, र मेरो जित सुनिश्चित हुन्छ ।

नेता गौत्तम तत्कालिन नेकपा एमाले र नेकपा माओवादी केन्द्र मिलेर बनेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा)मा सचिवालय सदस्य थिए । सर्वोच्च अदालतबाट नेकपा एकता भंग भएपछि गौत्तम निरन्तर पुनः नेकपा एकता अभियान चलाएर हिडिँरहेका छन् । आफु अझै पनि नेकपा एकता अभियानमै रहेको र सोही अन्तर्गत माओवादीको चुनाव चिन्ह रोज्न पुगेको उनको जवाफ रहेको छ ।

## एक...

प्रचण्डले भने । उनले वामपन्थीदलसँग बृहत् एकताको लागि एकता संयोजन समिति बनाउने तयारी रहेको समेत बताएका छन् । 'पार्टी एकतापछि पनि नाम नेपाल कम्युनिष्ट पार्टी नै रहन्छ,' दाहालले भने, 'चुनावअगाडि केही नै हुँदैन । नाममा चाहिँ नेकपा (समाजवादी) वा केही हुनसक्छ । निर्णय भइ नसकेको हुनाले मैले अहिल्यै भन्न सक्दिनँ । नेकपामा हाम्रो सहमति भइसक्यो' उनले थपे ।

तर, नेकपा समाजवादीका अध्यक्ष बाबुराम भट्टराई भने तत्कालै माओवादी केन्द्रसँगको एकता सम्भव नभएको बताएका छन् ।

'नेकपा माओवादी केन्द्र र नेपाल समाजवादी पार्टीबीच आगामी प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचनमा नेकपा माओवादी केन्द्रको चुनाव चिह्न गोलाकार भित्रको हँसिया हतौडा लिएर प्रतिस्पर्धा गर्नेछौं । त्यही अनुसार निर्वाचन आयोगमा दल दर्ता गराएका छौं । तत्काल चुनावी प्रयोजनका निम्ति मात्रै हो । हाम्रो लक्ष्य चाहिँ नेपालमा जुन ढंगको अग्रगामी परिवर्तनको एजेण्डा बाँकी छन्, त्यसलाई पूरा गर्नका निम्ति हामी एक्लाएक्लै भन्दा पनि मिलेर र नयाँ आधारमा एकताबद्ध भएर जानु अहिलेको ऐतिहासिक आवश्यकता भएकाले त्यो दिशातिर पनि उन्मुख हुने हिसाबले लिएका छौं । तत्काल २ पार्टीबीच चुनावी तालमेल गरेर अघि बढ्छौं । हाम्रो लक्ष्य चाहिँ आगामी दिनमा बृहत् अग्रगामी शक्तिहरूको धुव्रीकरण गरेर देशलाई विकास, सुशासन, समृद्धिको दिशामा लिएर जाने संकल्प छ । नेपाल समाजवादी पार्टी गठबन्धनको एउटा अंग हो । भित्र बाहिर भन्ने कुराको भ्रम नपरोस्, जे सहमति हुन्छ त्यही अनुसार चुनाव लड्छौं' उनले भने ।

उनीमात्रै होईन, नेकपा एकीकृत समाजवादीका एक नेताले पनि माओवादीसँगको एकता सहज नभएको प्रतिक्रिया दिएका छन् । 'माओवादी केन्द्रसँग हाम्रो धेरै कुरामा असहमति छ, हामी लहडको भरमा एकता गरिहाल्ने पक्षमा छैनौं, उनले भने । साथै प्रचण्डमा अस्थिर चरित्र बढी भएकाले तत्कालै विश्वास गर्न नसकिने उनको भनाई छ । तर, अध्यक्ष दाहाल भने पार्टी एकताका लागि बढी पहल र जोड गरिरहेका छन् । यद्यपि, ३ वटा दलको एकता र नेताको व्यवस्थापन सहज भने देखिदैंन ।

## एमालेलाई...

मोरङको २ मा एमालेका पोखरेलले दोस्रो संविधान सभामा कम्युनिस्ट झन्डा फहराएपछि कांग्रेसभित्र तनाव भएको थियो । टिकट दावी गरिरहेकी गिरिजा पुत्री सुजाताले टिकट नपाएपछि एमालेलाई सहयोग गरेको आरोप उपाध्यायले लगाएका थिए। उनले कोइरालालाई कारबाहीका लागि सिफारिस पनि गरेका थिए । एमालेका पोखरेल २०७४ को प्रतिनिधिसभा निर्वाचनमा भने कांग्रेसका नेता मिनेन्द्र रिजालसँग पराजित भएका थिए। रिजाल क्षेत्र नम्बर २ का लागि नयाँ उम्मेदवार थिए । यसपटक मोरङ २ मा एमालेले ऋषिकेश पोखरेललाई उम्मेदवार बनाउने निश्चित जस्तै छ । तर, पोखरेलले अहिलेसम्म आफ्नो निर्वाचन क्षेत्रका बारेमा कुनै चासो नदिएको स्थानीयहरु बताउँछन्। उनी विराटनगर केन्द्रित छन्। एमाले मोरङका अध्यक्षसमेत रहेका पोखरेललाई गठबन्धन भएको खण्डमा चुनाव जित्न सजिलो छैन ।

स्थानीय निर्वाचनका बेलादेखि नै आफ्नो उम्मेदवार रहेको घोषणा गरेकी कोइरालालाई आफ्नै पार्टीका नेता डा. मिनेन्द्र रिजालको चुनौती छ । अघिल्लो निर्वाचनमा कोइरालाकै बलमा रिजाल उम्मेदवार बनेका थिए । अघिल्लो निर्वाचनमा मोरङ क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यमा कांग्रेस नेता रिजालले एमालेका उम्मेदवार ऋषिकेश पोखरेललाई १ हजार ८०५ मतले पछि पार्दै निर्वाचित भएका थिए। पोखरेल वाम गठबन्धनबाट उम्मेदवार बनेका थिए। रिजालले ३५ हजार ८१९ मत ल्याउँदा पोखरेलले ३४ हजार ०१४ मत प्राप्त गरेका थिए ।

अघिल्लो निर्वाचनमा एमाले-माओवादीको वाम गठबन्धनविरुद्ध एक्लै हावी भएको कांग्रेस यसपटक गठबन्धनको साथले हौसिएको छ । कांग्रेस, माओवादी र जसपा मिलेर जाँदा यो क्षेत्रमा एमालेको पराजय भोग्ने कांग्रेस आंकलन नेताहरुको छ ।

यो क्षेत्रमा नेकपा माओवादीको पनि राम्रै उपस्थिति रहेको छ । गएको स्थानीय निर्वाचनमा पनि कांग्रेस-माओवादीले एमालेका विरुद्ध केही क्षेत्रमा मोर्चाबन्दी गरेको थियो ।

मोरङ २ मा रतुवामाई नगरपालिका, सुनवर्षी नगरपालिकासहित पथरीशनिश्चरे नगरपालिकाको वडा नम्बर ५ र ६, कानेपोखरी गाउँपालिकाको १,२ र ३, रंगेली नगरपालिकाको १, २, ३, ८ र ९ नम्बर वडा पर्छ। २९ वडा रहेको मोरङ २ मा गत वैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा एमालेले एक्लैले १६ वडा जितेको छ। कांग्रेसले ११ वडामा जित्दा माओवादीले २ वडामा अध्यक्ष जितेको छ ।

वडागत मत विवरणअनुसार एमालेले ३१ हजार २३१ मत ल्याएको छ । यस्तै, कांग्रेसले २८ हजार ६१४, माओवादीले ७ हजार २७१ र जनता समाजवादी पार्टी (जसपा) ले ४ हजार ३४६ मत प्राप्त गरेका छन् ।

गठबन्धनविना वडागत मतका आधारमा बलियो देखिएको एमालेलाई प्रतिनिधिसभामा जित्न सहज छैन। गठबन्धन हुँदा एमाले ९ हजार मतले पछि पर्ने देखिन्छ । स्थानीय तहमा दलहरुले पाएको वडागत मतका आधारमा एमालेलाई जित्न सहज देखिँदैन। गठबन्धनको वडागत मत ४० हजार २३१ छ भने एमालेको मत ३१ हजार ३४० रहेको छ ।

२ वटा प्रदेश निर्वाचन क्षेत्र रहेको मोरङ २ मा अघिल्लो निर्वाचनमा प्रदेश (क) मा नेपाली कांग्रेसका उम्मेदवार विजयी भएका थिए। कांग्रेस उम्मेदवार शिवनारायण गनगाईले वाम गठबन्धनमा माओवादी उम्मेदवार गणेश उप्रेतीलाई पराजित गरेका थिए। गनगाईले १६ हजार ४१८ मत पाएका थिए भने उप्रेतीले १५ हजार १०७ मत प्राप्त गरेका थिए ।

प्रदेशमा यसपटक एमालेले मेघराज कट्टेललाई उम्मेदवार बनाउने चर्चा छ। तर उनलाई एमालेकै नेता डिवी कार्कीको चुनौती छ । गत स्थानीय तहको निर्वाचनमा यी दुवै रतुवामाई नगरपालिकाको मेयरका आकांक्षी थिए । गठबन्धन भएको खण्डमा यो क्षेत्रमा माओवादीले दावी गर्ने सम्भावना छ । माओवादीको भागमा पर्दा गणेश उप्रेतीले टिकट पाउने माओवादीका एक प्रदेश नेताले बताए ।

कांग्रेसका वहालवाला सांसद गनगाईले पनि दावी गरिरहेका छन्। प्रदेश निर्वाचन क्षेत्र (क) मा रतुवामाई नगरपालिका र सुनवर्षी नगरपालिकाका ४ वडा पर्छन् । स्थानीय निर्वाचनमा पाएको वडागत मतका आधारमा भने यस क्षेत्रमा एमाले बलियो देखिएको छ । २०७४ को निर्वाचनमा वाम गठबन्धनबाट विजयी भएका लिलाबल्लभ अधिकारीले यसपटक पनि एमालेबाट टिकट पाउने निश्चित छ । अघिल्लो निर्वाचनमा उनले कांग्रेसका घणिन्द्रबहादुर कुँवरलाई पराजित गरेका थिए । अधिकारीले १८ हजार ३८६ मत पाउँदा कुँवरले १७ हजार १२७ मत ल्याएका थिए । अधिकारी भीम आर्चाय मुख्यमन्त्री हुँदा आन्तरिक मामिला तथा कानुनमन्त्री थिए । कांग्रेसले यो पटक मोरङ २ को प्रदेश (ख) मा यदु विष्टलाई उम्मेदवार बनाउने चर्चा चलेको छ। उनका अलावा सुमन कुँवर र मदन संग्रौलाले पनि दावी गरिरहेका छन् ।

## निलम्बित...

सिफारिस समितिको बैठक बस्न लागेको हो ।

११ सदस्यीय महाभियोग सिफारिस समितिमा सांसदहरु एकवाल मियाँ, कल्याणीकुमारी खड्का, कृष्णभक्त पोखरेल, प्रमोद साह, मीनबहादुर विश्वकर्मा, यशोदा गुरुङ सुवेदी, रामबहादुर विष्ट, रेखा शर्मा, लालबाबु पण्डित, विष्णुप्रसाद पौडेल र डा. शिवमाया तुम्बाहाङ्फे सदस्य छन् ।

विजनेश पाएर पनि महाअभियोग सिफारिस समितिको बैठक नबसेको भनी प्रश्न उठिरहेका बेला जेष्ठ सदस्य राम बहादुर बिष्टले बैठक आह्वान गरेका हुन् । 'जतिसक्दो छिटो महाअभियोगउपर अध्ययन सकेर सिफारिस सहितको प्रतिवेदन दिने प्रयास हुनेछ' बिस्टले भने । तर, महाअभियोग के हुन्छ भन्नेमा अझै प्रष्ट दृष्य देखा परेको छैन् ।

मंगलबार मात्रै पनि प्रमुख प्रतिपक्षी नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले महाअभियोग संसदमा अड्काइएको भनी सार्वजनिक रुपमै प्रश्न गरेका थिए । राजधानीमा भएको अनेमसंघको कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले भनेका थिए, 'यो गठबन्धनको एक बर्षको सरकारमा हामीले देख्यौं । भोग्यौं हामीले । अर्थतन्त्र ओरालो लाग्यो, राजनीति भद्रगोल भयो । संसद पंगु भएको छ । संसद, संसद जस्तो छैन् । सरकार, सरकार जस्तो छैन् । अदालत, अदालत जस्तो छैन् । अदालतमा मारामार छ । प्रधानन्यायाधीशमाथि ६ महिना भन्दा बढी हुन लाग्यो महाअभियोग लागेको ।'

प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराविरुद्धको महाभियोगमाथि, महाअभियोग सिफारिस समितिबाट अध्ययन सुरु गर्नमा ढिलाई भयो भनी टिप्पणी भइरहेका बेला एमाले अध्यक्ष ओलीको यस्तो भनाई सार्वजनिक भएको हो । जबराविरुद्ध महाअभियोग लगाउनु ठीक वा बेठीक भन्ने विषयमा बुधबार भने अध्यक्ष ओली मौन रहे । उनले संददमा जबराविरुद्धको महाअभियोग उपर हुने निर्णयमा एमालेको भूमिका हुन्छ भन्ने पनि खुलाएनन् ।

संसदमा एमाले एक्लैको ९८ जना सांसद छन् । २७५ सदस्यीय प्रतिनिधिसभाबाट दुई तिहाई बहुमतले महाअभियोग पारित गाराउन खोजे एमालेको साथ अनिवार्य छ । एमालेको साथ बिना महाअभियोग पारित हुन सक्दैन् । तर, सत्तारुढ गठबन्धनले महाअभियोगका विषयमा कुनै सल्लाह नगरेको एमाले नेताहरुले बताउँदै आएका छन् ।


### धरान उपमहानगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**धरान–१२, सुनसरी**
**प्रकाशित मिति २०७९।०५।०१**

प्रस्तुत सम्बन्धमा यस कार्यालयको लागि तपशिल बमोजिमको ठेक्काहरु E–bidding मार्फत सूचना प्रकाशन गरी खरिद गर्नुपर्ने भएकोले उक्त कार्य गर्न इच्छुक फर्म, निर्माण व्यवसायहरुले देहायका शर्तहरुको अधीनमा रही बोलपत्र पेश गर्नुहुन प्रथम पटक यो सूचना प्रकाशित गरिएको छ । साथै विस्तृत जानकारी www.bolpatra.gov.np/egp. बाट हेर्न सकिनेछ साथै Hard Copy मार्फत पेश भएको Document मान्य हुनेछैन ।

| S.N. | Invitation for Bids No: | Project Name | Estimated Amount | Bid Fee | Bid Security | Bid Opening Date and time |
|---|---|---|---|---|---|---|
| 1 | 3/DHARAN/ GOODS/ NCB/078/79 | Purchase of Stationary and Solid Waste Materials | Rs. 2992374.47 | Rs.3000 | Rs.89500.00 | 2079–05–31 (12 O' Clock) |
| 2 | 4/DHARAN/ GOODS/ SQ/078/79 | Purchase of Printing Materials | Rs.1995029 | Rs.1000 | Rs.59000.00 | 2079–05–16 (12 O' Clock) |

**मलेशियामा रोजगारको अवसर** कम्पनी : **SPN SECURITY SERVICES SDN BHD** शहर: **JALAN**

पूर्व स्वीकृत मितिः २०७६/०९/२७ चलानी नं.: ६०१४९९७६ L.T. No.: 230629 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 25 | 0 | स. काममा दक्ष | 1100 | ३१,३६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ८ गते (24 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**कोड इन्टरनेशनल सर्भिसेज प्रा. लि.**
श्रम इजाजत नं. ६६०/०६३/०६४
घर नं.: १३८, सुरुचिमार्ग, नयाँबानेश्वर, काठमाण्डौ, नेपाल
फोनः ४७८५८७५, ४७८२२४०, ९८०११२६८४२,
Email: admin@codehrnepal.com | Url www.codenepal.com.np

**कुवेतमा रोजगार** | १. कम्पनीः **LAMAC PLUS GENERAL TRADING AND CONT.CO** शहर : **Kuwait**

पुर्व स्वीकृत मितिः २०७९/०४/३० चलानी नं.: ६०१८५४५३ L.T. No.: 269672

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chefs | 1 | 0 | सम्बन्धित काममा दक्ष | 250 | १,०३,६५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaners (Indoor) | 25 | 0 | | 100 | ४१,४५४ | | | | | | | |
| 3. | Delivery | 4 | 0 | | 120 | ४९,७४४ | | | | | | | |
| 4. | Dishwasher | 15 | 0 | | 100 | ४१,४५४ | | | | | | | |
| 5. | Kitchen Helper | 5 | 0 | | 100 | ४१,४५४ | | | | | | | |
| 6. | Labours (Indoor) | 20 | 0 | | 100 | ४१,४५४ | | | | | | | |
| 7. | Meals Distributers | 4 | 0 | | 120 | ४९,७४४ | | | | | | | |
| 8. | Sue Chefs | 1 | 0 | | 200 | ८२,९०८ | | | | | | | |
| 9. | Waiters (Males Indoor) | 20 | 0 | | 120 | ४९,७४४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ७ गते (23 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल-हरमैन एच.आर. प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौ, नेपाल, फोनः ०१-४११०९१२
Email: alharmainhr@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np

### Invitation for Bids
## Myagang Rural Municipality
**Office of Rural Municipal Executive**
**Deurali, Nuwakot**
**Bagmati Province, Nepal**

**Invitation for Electronic Bids for Supply, Delivery, Installation, Commissioning and Testing of broadband services in the designated locations of Myagang Rural Municipality**

**IFB No.: MRM/NCB/NTA/G/01/079-80**

**Date of Second Publication: 17th August, 2022**

1. Myagang Rural Municipality office invites electronic bids from eligible bidders for the procurement of **Supply, Delivery, Installation, Commissioning and Testing of broadband services in the designated locations of Myagang Rural Municipality** under National Competitive bidding procedures specified in the Public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Myagang Rural Municipality, Deurali, Email: myagangrm@gmail.com, info@myagangmun.gov.np or may visit e-GP system: www.bolpatra.gov.np/egp.
3. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.
   **Name of the bank: Himalayan Bank Ltd, Myagon Branch, Nuwakot**
   **Name of the Office: Myagang Rural Municipality**
   **Office Account No.: For the purchase of book-Revenue Account: Ga. 41-05707637420048**
   **For the bid Security: Security Deposit Account: Ga. 3-057076374200326**
4. Pre-bid meeting shall not be held.
5. Interested bidders shall submit the electronic bids through www.bolpatra.gov.np/egp to the above office of Myagang Rural Municipality, Deurali on or before **12:00 noon on 1st September, 2022.**
6. Bids shall be opened in presence of bidders representatives who choose to attend at **1:00 PM on 1st September, 2022** at the office of Myagang Rural Municipality, Deurali. Bids must be valid for a period of 90 (Ninety) days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **NRs. 80,000.00** which shall be valid for 30 days beyond the validity period of the bid.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at below mention date and time at the office of Myagang Rural Municipality, Deurali. If bidder wishes to submit the Cash Security, the cash should be deposited in **Dharauti Account No. 05707637420032** at Himalayan Bank Limited, Myagon Branch, Nuwakot and submit the receipt of the deposited amount of cash along with the bid.
8. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
9. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any resaon, whatsoever.
10. The bidder shall quote for only one main offer. Alternate offer, if any, shall not be considered for evaluation.

| S. N | Contract Identification No | Description of Works | Cost of bidding document Nrs. | Bid Security Amount Nrs. | Estimated Amount inclusive VAT Nrs. | Last date and time of bid submission | Bid Opening date and time | Re-marks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | MRM/NCB/ NTA/G/01 /079-80 | Supply, Delivery, Installation, Commissioning and Testing of broad-band services in the designated loca-tions of Myagang Rural Municipality | 3000 | 80000 | 3159834.99 | 1st September, 2022 before 12:00 Noon | 1st September, 2022 before 1:00 pm | |

## Putalibazar Municipality
**Office of Municipal Executive**
Syangja, Gandaki Province, Nepal

### Notice for the Letter of Intent

**(First Publication Date: 2079/04/31)**

Pursuant to Sub Clauses 27.2 and 27.3 of Public Procurement Act 2063, this is to notify all the bidders who submitted their bids for the contract identification below as per the Invitation for Bids published in the national daily newspaper on **11th Jestha, 2079**, that the following listed Lowest Evaluated and Substantially Responsive Bidder has been selected to award the contract.

| S.N. | Contract ID No. | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. With VAT |
|---|---|---|---|
| 1 | **Contract ID :-** 03/PM/NCB/ GOODS/078/079,Contract for Procurement of Fabricates Steel Parts for four trail bridges **09/PM/NCB/ WORKS/078/079** | M/S Junkuri Industries P Ltd , Butwal | Nrs 68,07,465.83 |

**Chief Administrative Office**

# मन्त्री चौधरीद्वारा मदरसालाई सहयोग गर्ने प्रतिबद्धता



**अजय मिश्र/मध्यान्ह**
कृष्णनगर, ३१ साउन

शहरी विकासमन्त्री मेटमणी चौधरीको टोलीले कपिलवस्तुको कृष्णनगरको जैद बिन सावित, आयशा गर्ल्स कलेज झण्डानगर, जामिया सिराजुल उलुम अल्सलफिया झण्डानगर मदरसाको अनुगमन गरेको छ । अनुगमन टोलीमा मन्त्री चौधरीसँगै मन्त्रालयका सहसचिव पदम मैनाली र शहरी विकास मन्त्रालयका महानिर्देशक सुरेन्द्र मान श्रेष्ठ लगायत सहभागि भएका थिए ।

अवलोकनका क्रममा मन्त्री चौधरीलाई जामिया सिराजुल उलुम अल्सल्फिया विद्यालय परिवारले भव्य स्वागत तथा सम्मान गरेको थियो ।

कार्यक्रममा बोल्दै मन्त्री चौधरीले मुस्लिम समुदायको देश निर्माणमा ठूलो योगदान रहेको बताए । मुस्लिम समुदारले मताधिकारको सदुपयोग गर्दै मुस्लिम प्रतिनिधि चयन गरेर आफ्नो हक संरक्षण गर्नपर्नेमा उनले जोड दिएका थिए । जामिया सिराजुल उलुम अल्सल्फियाको पर्खालका लागि तत्काल पहल गर्ने बताउँदै उनले कम्प्युटर हल तथा भौतिक संरचनाको मर्मत सम्भारका लागि आगामी १५ दिन भित्रै बजेटको व्यवस्था गर्ने प्रतिबद्धता जनाए ।

कार्यक्रममा बोल्दै जामिया सिराजुल उलुम अल्सल्फिया झण्डानगरका प्रवक्ता मौलाना मशहुद खां नेपालीले सदियौंदेखि चलिरहेको मदरसालाई राज्यबाट प्राप्त हुने सेवा सुविधाबाट बञ्चित बनिरहेको बताए ।

कर्मचारी तथा शिक्षकहरूको तलब बढ्नु सराहनीय रहेको तर मदरसा शिक्षालाईसमेत मूल प्रवाहीकरणमा लाएर मदरसामा पढाउने शिक्षकको पनि उचित व्यवस्थापन गर्नपर्ने उनले माग गरेका थिए । मदरसाहरूको अवस्थाको बारेमा मन्त्री चौधरीलाई अवगत गराउदै मदरसाको सम्पूर्ण व्यवस्थापनमा राज्यले ध्यान नदिँदा मुस्लिम समुदायमा निराशा छाएको बताए ।

कार्यक्रममा जामिया सिराजुल उलुम अल्सल्फियाका अध्यक्ष समिम अहमद नदवीले मन्त्री चौधरी विद्यालयको अनुगमन गरेकोमा विशेष आभार प्रकट गरे । कार्यक्रममा विद्यार्थी, शिक्षक, सुरक्षाकर्मी, पत्रकार, नेता कार्यकर्ता, सामाजिक व्यक्ति, शिक्षा प्रेमी लगायतको उपस्थित रहेको थियो ।

# कर्णाली प्रदेश प्रमुखद्वारा दुई विधेयक प्रमाणीकरण




**कर्णाली/मस–** कर्णाली प्रदेशका प्रमुख तिलक परियारले प्रदेशसभाबाट पारित भएका दुईवटा विधेयक प्रमाणीकरण गरेका छन् । उनले आज 'कर्णाली प्रदेश सहकारी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक' र 'कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' प्रमाणीकरण गरेका हुन् । दुवै विधेयक कर्णाली प्रदेशसभा सचिवालय वीरेन्द्रनगर सुर्खेतले साउन २५ गते प्रमाणीकरणका लागि प्रदेश प्रमुखको कार्यालयमा पठाएको थियो ।

प्राप्त दुवै विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रदेश प्रमुख परियारले प्रमाणीकरण गर्नुभएको प्रदेश प्रमुखको कार्यालयका निमित्त सचिव भीमराज थानीले जानकारी दिए । प्रमाणीकरण भएका दुवै ऐनले यहाँका युवा तथा कृषकको व्यवसाय तथा उद्यम प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास गरिएको छ ।

दुई विधेयकसहित कर्णालीमा ४१ वटा विधेयक प्रमाणीकरण भएर कानून बनेका छन् । प्रदेशसभाबाट हालसम्म ५१ विधेयक पारित भएको प्रदेशसभा सचिवालयले जनाएको छ ।

# कर्णालीमा 'हेल्लो मुख्यमन्त्री' कार्यक्रम

**सुर्खेत/मस–** कर्णाली प्रदेश सरकारले 'हेल्लो मुख्यमन्त्री' हटलाइन सेवा सञ्चालनको तयारी गरेको छ । कर्णालीका नागरिकका गुनासा तथा समस्या सुन्नका लागि 'हाम्मा कुडा, हाम्मा मुख्यमन्त्री' एप्स र हटलाइन सेवा सञ्चालन गर्ने तयारी गरेको हो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उक्त हटलाइन सेवा सञ्चालन गर्ने तयारी गरेको छ । कर्णाली प्रदेशको विकास, समृद्धि र सुशासनका लागि उक्त सेवा सञ्चालन गर्न लागिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ । उक्त एप्स निर्माणको अन्तिम चरणमा रहेको कार्यालयले जनाएको छ ।

यसका लागि हाम्रा कुरा मुख्यमन्त्री एप्समा कुनै गुनासा तथा समस्या भए पठाउन सकिनेछ भने हटलाइन सेवा १०९६ मा फोन गरेर पनि टिपाउन सकिन्छ । कर्णाली सरकारले विद्युतीय गुनासो व्यवस्थापन निर्देशिका जारी गरेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जारी गरेको उक्त निर्देशिका अनुसार नागरिकसँग प्रत्यक्ष संवाद गर्ने उद्देश्य लिइएको सचिव आनन्द सारुले जानकारी दिए । यसमा नागरिकले विभिन्न माध्यमबाट गुनासो टिपाउन सक्ने उनले बताए । यसले सरकारका काम थप प्रभावकारी बन्नमा सहयोग पुग्नेमा विश्वास व्यक्त गरे ।

# अरिङ्गालले टोकेर मृत्यु

**रोल्पा/मस–** अरिङ्गालले टोकेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा रोल्पा नगरपालिका-१० का ५४ वर्षीय जयबहादुर बुढा मगर रहेका छन् ।

सोमबार साँझ घर नजिकै जङ्गलमा अरिङ्गाल पोल्ने क्रममा उनी घाइते बनेका थिए । उनको रोल्पा अस्पताल रेउघामा उपचारका क्रममा सोमबार राति नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रोल्पाले जनाएको छ ।


## मलेसियामा रोजगारको अवसर | कम्पनी: JMK TRADING SDN.BHD

शहर: Malaysia

पूर्व स्वीकृत मिति: २०७९/०४/३१ चलानी नं.: ६०१८५५७१ LT. No.: 269635

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 11 | 0 | स. काममा दक्ष | 1500 | ४२,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ८ गते (24 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | रु. १०,०००/- कामदारले तिर्ने |

नोट: प्रि अन्तर्वार्ता धमाधम भइरहेको छ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Frontline Recruitment Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ८८६/०६७/०६८
Kalimatidol, Kathmandu, Nepal, P.o.box:13708, Tel No:01-4493645,4493646, 4593647
Fax:+977-01-4493647, Mob: 9841831240, 9801067993, Email:info@manpoweragencynepal.com



## साउदीमा रोजगारको अवसर | कम्पनी: EL- SABIQOON OPERATION & MAINTENANCE COMPANY

शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७९/०३/१३ चलानी नं.: ६०१८१९०१ LT. No.: 265840 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office Cleaning Labor | 16 | 0 | स. काममा दक्ष | 1000 | ३३,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ८ गते (24 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. कामामा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**फ्रेण्डसिप ईन्टरनेशनल इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.**
श्रम इजाजत पत्र नं. ५२४/०६१/०६२
सामाखुसी, काठमाडौं, नेपाल फोन: ४३८७४९९, ४३६२६६२, ४३५४३१३, ९८५१२४३४११
Email: hrfriendship1@gmail.com



## मलेसियामा रोजगार | १. कम्पनी: KEN YIK FURNITURE INDUSTRY SDN.BHD.

शहर:Malaysia

पूर्व स्वीकृत मिति: २०७९/०४/३१ चलानी नं.: ६०१८५५६७ LT. No.: 269648

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: MY CHEM SDN BHD शहर:Malaysia

पूर्व स्वीकृत मिति: २०७९/०४/३१ चलानी नं.: ६०१८५५६६ LT. No.: 269709

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 7 | 0 | स. काममा दक्ष | 1500 | ४२,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: ZIRCOSIL (MALAYISA) SDN BHD शहर:Malaysia

पूर्व स्वीकृत मिति: २०७९/०४/३१ चलानी नं.: ६०१८५५६८ LT. No.: 269649

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ८ गते (24 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Amity Global Employment Services Pvt. Ltd.**
Ranibari Marg,Samakhusi 26,Kathmandu, Tel : 4970366, 4970466
Govt. Lic. No. 467/060/061, Email: recruitment@amityglobalgroup.com



## मलेसियामा रोजगार | १. कम्पनी : PLASMA COLOR (K.L.) SDN BHD

शहर : Malaysia

पूर्व स्वीकृत मिति: २०७९/०१/०७ चलानी नं.: ६०१७८१२९ LT. No.: 261820 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 23 | 0 | स. काममा दक्ष | 1200 | ३४,३३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ८ गते (24 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**गौरी शंकर ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ५५८/०६२/०६३
चण्डोल-४, काठमाडौं, नेपाल, फोन: ४४१८३५३, ४४१८३०३
E-mail : info@gsoverseas.com.np, Web.: www.gsoverseas.com.np



## UAE मा रोजगार | कम्पनी: MAX SECURE SECURITY SERVICES LLC

शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०७९/०२/१३ चलानी नं.: ६०१७९९०७ LT. No.: 263787 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 23 | 0 | स. काममा दक्ष | 1600 | ५३,९३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ८ गते (24 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Wish HR Solution Pvt. Ltd.**
Kalimati Dol, Sinamangal-9,Kathmandu, Tel: 014596093, 4597897
Gov. Lic. No.: 1425/074/075
Email:- info@wishhrsolution.com, wishhr1425@gmail.com



## मलेसियामा रोजगार | कम्पनी : MAGNUS FORCE SDN BHD

शहर: MALAYSIA

पूर्व स्वीकृत मिति: २०७८/१२/२९ चलानी नं.: ६०१७७८० LT. No.: 261476 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 2 | 0 | स. काममा दक्ष | 1200 | ३४,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा साउन ८ गते (24 Aug. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

